विधेयक संख्याः

# प्रादेशीक सड्क निर्माण, संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय
जनकपुरधाम, धनुषा
२०७६

Original

## प्रादेशीक सडक निर्माण, संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति.....

सम्बत् २०७६ सालको ऐन नम्बर..०६

प्रस्तावना:सर्वसाधारण जनतालाई भू-यातायातको सुविधा दिन, सडक यातायात मार्फत आर्थिक क्रियाकलापमा वृद्धि ल्याउन तथा सार्वजनिक हितको लागि प्रदेश लोकमार्ग वर्गीकरण गरी सडक प्रयोगकर्तालाई उच्चतम प्रतिफल दिन, न्यूनतम यातायात खर्चको अवस्था सृजना गर्न, प्रभावकारी सडक सम्पत्ति व्यवस्थापन गर्न, आवश्यक जग्गा प्राप्त गर्न र त्यसको मुआब्जा वितरण गर्न, दीगो सडक निर्माण, सम्भार तथा संचालन गर्न, सार्वजनिक निजी साझेदारीको अवधारणा समेत प्रयोग गर्न र सडक छेउका जग्गाधनीहरुबाट विकास कर असुल गर्न समेत वाञ्छनीय भएकोले,

प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यो ऐनको नाम "प्रादेशीक सडक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "जग्गा" भन्नाले यस प्रदेशको जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, ईमारत, रुख, इत्यादि र सोसंग स्थायी रूपले जोडिएको चिज वस्तु समेत लाई जनाउँछ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ग) "प्रादेशीक सडक सम्बन्धी निकाय" भन्नाले यस प्रदेशको सडकको निर्माण, मर्मत र सम्भार कार्य गर्ने गराउने मन्त्रालय अन्तर्गतका सडक सम्बन्धी कार्य गर्ने सार्वजनिक निकाय सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय वा मन्त्रालय अन्तर्गतको प्रादेशीक सडक विभागलाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीलाई सम्झनुपर्छ ।

(च) "सडक" भन्नाले मार्ग, बाटो तथा रोड समेतलाई जनाउछ ।

(छ) "सडक सीमा" भन्नाले सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्ररेखाको दायाँ बायाँ दफा (३)

बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ ।

(ज) "सार्वजनिक सडक" भन्नाले कसैको निजी भोगचलनमा नरहेको सडक सम्झनुपर्छ र सो शब्दले त्यस्तो मार्ग तथा सडकमा पर्ने सबै किसिमका पुल, कजवे, कल्भर्ट, साईकल मार्ग र फूटपाथलाई समेत जनाउँछ ।

परिच्छेद २

## प्रादेशीक सडकको वर्गीकरण, सडक सीमा ,जग्गा प्राप्ति र निर्माण सम्भार

३. **प्रादेशीक सडकको वर्गीकरण तथा प्रदेश सडकको सीमा:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकलाई उपयोगिता तथा प्राविधिक आधारमा देहाय बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्ररेखादेखि दायाँ बायाँ दुवैतिर तोकिए बमोजिम सीमा तोक्नेछ।

(क) प्रदेश लोकमार्ग

(ख) प्रदेश सहायक लोकमार्ग

(ग) स्थानीय सडक

(१) कृषि/ ग्रामीण सडक

(२) सहरी सड्क

(घ) विशेष उद्देश्यका सडक

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले विशेष गरी निम्न सडकहरुको निर्माण तर्फ केन्द्रित हुन सक्नेछ ।

(क) प्रदेश लोकमार्ग

(१) संघीय सरकारको रणनैतिक सडक संजालमा नपरेका सडक ।

(२) राष्ट्रिय लोकमार्गबाट जिल्ला सदरमुकाम जोड्ने सडक ।

(३) प्रदेशभित्र एक जिल्ला सदरमुकामबाट अर्को जिल्ला सदरमुकाम जोड्ने सडक ।

(४) दुई राष्ट्रिय लोकमार्ग जोड्ने सडक ।

(ख) प्रदेश सहायक लोकमार्ग

(१) राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक ।

(२) जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक ।

(३) दुई वा दुईभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक ।

(४) राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गबाट धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वका स्थलहरु जोड्ने सडक ।

(३) स्थानीय सडक संघीय सरकारको रणनैतिक महत्वको सडक सञ्जालमा नपरेको र प्रदेश लोकमार्ग तथा प्रदेश सहायक लोकमार्ग बाहेकका सम्बन्धित स्थानीय तहको क्षेत्र भित्रका सडक ।

४. **प्रादेशीक सडक निर्माण तथा व्यवस्थापनको निमित्त जग्गा प्राप्त गर्न सकिने**: (१) सार्वजनिक सडक निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति

सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

(२) प्रादेशीक सडक र सडकको सीमाको निमित्त जग्गा प्राप्त गर्ने कार्यविधि प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

५. <u>तोकिएको क्षेत्रभित्र भवन आदि बनाउन निषेध गर्न सकिने</u>:(१) दफा (३) बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको फासला भित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

तर नगर विकास र स्मार्ट सिटी जस्ता योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित कानुनमा व्यवस्था भएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन आदिलाई मन्त्रालयको आदेशले भत्काउन सकिनेछ। मन्त्रालयले त्यस्तो बनौट वा भवन भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ ।

६. <u>प्रादेशीक सडकको निर्माणः</u>(१) सर्वसाधारणको आवश्यकतानुसार यस प्रदेशमा मन्त्रालयले सडकको निर्माण, विस्तार तथा सम्भार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यकतानुसार प्रदेश सरकारले सडक निर्माण, विस्तार तथा सम्भार गर्नको लागि विभिन्न पद्धति (जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण-संचालन तथा हस्तान्तरण, निर्माण-स्वामित्व-संचालन तथा हस्तान्तरण, लीज संचालन तथा हस्तान्तरण आदि) अपनाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्रादेशीक सडक निर्माण तथा विस्तार गर्नुभन्दा अगाडि आवश्यकता बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन गर्नुपर्नेछ । प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

परिच्छेद ३

## सार्वजनिक सडकको रेखदेख, संभार र अन्य व्यवस्था

**७. प्रादेशीक सडकको निर्माण, विस्तार वा सुधार गर्दा अरु जग्गा प्रयोग गर्न सकिने:** (१) कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहायको कामको लागि मन्त्रालयले कुनै जग्गा अस्थायी रूपले प्रयोग गर्नेछः-

(क) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सर-सामान, उपकरण राख्न वा त्यस्तो निर्माण विस्तार वा सुधार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू बस्ने घर, कटेरो बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालू राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै मार्ग तथा सडक बनाउन वा आकस्मिक रुपमा सडक अवरोध भएको अवस्थामा डाइभर्सन वनाउन ।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर जग्गा प्रयोग गर्न हुँदैन :-

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा इमारत,

(ख) देवस्थल, सार्वजनिक स्कूल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको जग्गा ।

(३) उपदफा (१) बमोजिम प्रयोग गरेको जग्गा जुन कार्यको निमित्त प्रयोग गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई भरसक प्रयोग गर्दाकै अवस्थामा फिर्ता गरिदिनु पर्नेछ ।

८. <u>प्रयोग गरिने जग्गाको मुआब्जा र त्यसको निर्धारणः</u> (१) देहायको अवस्थामा बाहेक दफा (७) बमोजिम कुनै जग्गा प्रयोग गर्दा कुनै मुआब्जा दिइने छैनः-

(क) कुनै घर, टहरा वा इमारत सहित कुनै जग्गा प्रयोग गरेकोमा त्यस्तो घर, टहरा वा इमारतको धनीले सो घर, टहरा वा इमारत उपभोग गर्न नपाए वापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा प्रयोग गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए वापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

(ग) प्रयोग गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई प्रयोग गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्नु पर्ने जति रकम ।

(२) उपदफा (१) बमोजिमको मुआब्जाको रकमको निर्धारण देहाय बमोजिम गरिनेछ :-

(क) मन्त्रालय र सम्बन्धित जग्गाधनी बीच सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा मध्यस्थकर्ताद्वारा निर्धारण गरिनेछ र त्यसको प्रयोजनको लागि निम्न लिखित मध्यस्थहरू रहने छन्:

(१) सम्बन्धित नगरपालिकाको प्रमुखले तोकेको सो नगरकार्यपालिकाको सदस्य वा सम्बन्धित गाँउपालिकाको अध्यक्ष,

(२) मालपोत अधिकृत,

(३) मन्त्रालयले तोकेको अधिकारी।

९. <u>सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेख</u> : (१) मन्त्रालयले आवश्यकता अनुसार सार्वजनिक सडकको दायाँ बायाँ रुख लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाइएका रुखहरूको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुखको काँटछाँट गर्ने वा त्यस्तो रुखले आवागमनमा बाधा पुर्याएमा त्यसलाई हटाउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको रुख कटान गर्दा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायबाट अनुमती लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको रुखको प्रयोग मन्त्रालयले कानूनी प्रक्रिया पूरा गरी गर्न सक्नेछ ।

(६) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले उल्लेखित कार्यहरू तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा गराउन सक्नेछ । सडक किनारमा सूचना तथा विज्ञापन सम्बन्धी जानकारी राख्ने निकाय/ व्यक्ति/संस्थाले तोकिएको मापदण्ड अनुसार स्वीकृत तथा प्रक्रिया पुरा गरी/गराई मात्र राख्न सक्नेछ । सडकसंगै जोडिएका घरजग्गा प्रयोगकर्ताले तोकिएको स्थानवाट मात्र प्रदेश सडकमा प्रवेश गर्नु पर्नेछ ।

१०. <u>वहन गर्न सक्ने वजनको हद निर्धारण गर्ने:</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो सार्वजनिक सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी तोकिए बमोजिम निषेध गर्न सक्नेछ ।

११. <u>आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने:</u>(१) सार्वजनिक सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा मन्त्रालयको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा लिन सकिनेछ । त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली, रुख बिरुवा वा अन्य कुनै चीजवस्तुको नोक्सानी भएमा तोकिए बमोजिम मुनासिव क्षतिपूर्ति दिनु पर्नेछ। त्यस्तो जग्गाबाट माटो ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थायी संस्था वा घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित घरधनीको सहमति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन हुँदैन ।

१२. <u>सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकार:</u> (१) कसैले सार्वजनिक सडकमा

कुनै माल वस्तु छाडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएकोमा त्यस्तो माल वस्तु हटाउनको निमित्त मुनासिब माफिकको अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा मन्त्रालयले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई मन्त्रालयले आफ्नो कब्जामा राख्ने वा सम्बन्धित स्थानीय तह मार्फत व्यवस्थापन गराउने वा अन्यत्र लैजान सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक मार्गमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

(४) उपदफा (१) मा उल्लिखित माल वस्तु वाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खाल सडकपट्टि निस्कने गरी राखिएको, जोडिएको वा बनाइएको कुनै चीजवस्तु वा ढोका वा रुखको हाँगा वा लहरा वा तार वा नालाले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको छ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मुनासिब

माफिकको म्याद तोकी मन्त्रालयले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सम्बन्धित चीजवस्तु वा ढोकालाई राख्ने, बनाउने वा जोडने ढाँचा र रुख वा लहरालाई काँटछाँट गरी कायम गर्नुपर्ने उचाई समेत तोक्न सक्नेछ ।

तर, यो ऐन लागू हुनु अघि बनेको वा रहेको कुनै चीजवस्तु वा ढोकालाई हटाउन पर्ने भएमा त्यस वापतको क्षतिपूर्ति दिई र केही फेर बदलसम्म गर्नुपर्ने भएमा त्यस बापत लाग्ने खर्च मन्त्रालयले व्यहोर्नेछ ।

(५) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली मन्त्रालयमा निवदेन दिन सक्नेछ र त्यस्तो अवस्थामा मन्त्रालयले एक पटकसम्म आवश्यक देखिए जति म्याद बढाईदिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाई नगरेमा मन्त्रालयले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाई गराउन सक्नेछ । त्यस्तो अवस्थामा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन ।

१३. स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने: (१) मन्त्रालयको स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक मार्गसँग जोडिने गरी प्रवेश बाटो बनाउन, सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरा वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन ।

(२) कसैले मन्त्रालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा मन्त्रालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा वमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश बाटो बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरा वा छाप्रो भत्काउन वा आवादी गरेको जग्गा खालि गराउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश बाटो बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरा वा छाप्रो भत्काउन वा आवादी गरेको जग्गा खालि गराउन

सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट मन्त्रालयले असुल उपर गरी लिन सक्नेछ ।

१४. <u>धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार</u>: (१) कसैलाई कुनै निजी कामको निमित्त सार्वजनिक सडक वा मार्ग सीमा खन्नु वा भत्काउनु परेमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृति माँग गरेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने सार्वजनिक मार्ग वा सार्ग सीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सडक खन्ने स्वीकृति दिंदा त्यसरी सडक वा मार्ग सीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नुपर्ने अन्य शर्तहरु मन्त्रालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरु पालन गर्नेछु भनी स्वीकृति माँग गर्ने व्यक्तिबाट कबुलियत गराउन आवश्यक देखेमा मन्त्रालयले सो समेत गराउन सक्नेछ ।

परिच्छेद ४

## विकास कर सम्बन्धी व्यवस्था

१५. विकास कर असुल उपर गर्न सक्नेः यो ऐन लागू भएपछि निर्माण भएको मार्ग तथा सडकको दायाँ बाँया रहेको जग्गामा प्रदेश सरकारले एक पटकको लागि विकास कर लगाई असुल उपर गर्न सक्नेछ ।

१६. विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजनः (१) सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सडकको किनाराबाट दुवै तर्फ तोकिए बमोजिमको जग्गामा तोकिए बमोजिम विकास कर लगाउन सकिनेछ ।

तर दफा ५ बमोजिम कुनै स्थायी बनौट वा भवन निर्माण गर्न निषेध गर्ने गरी तोकिएको फासलाभित्र पर्ने जग्गामा विकास कर लाग्ने छैन ।

(२) विकास करको दर कायम गर्ने प्रयोजनको लागि उपदफा (१) बमोजिमको जग्गालाई विभिन्न खण्डहरुमा वर्गीकरण गरी करको दर कायम गरिने छ ।

१७. विकास करको निर्धारणः (१) दफा ४ बमोजिम जग्गा प्राप्त गर्दा जुन क्षेत्र वा ईलाकामा त्यस्तो जग्गा जे जति मोल कायम भई मुआब्जा दिइएको हो, त्यस्तो क्षेत्र वा ईलाकामा सोही मोलको दरले वर्गीकरण बमोजिमको कर प्रतिशत तोकिए बमोजिम हुनेछ ।

(२) विकास करको प्रतिशत निर्धारण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

१८. <u>विकास कर बुझाउने अवधि र कार्यालयः</u> (१) यस ऐन बमोजिम बुझाउनु पर्ने विकास कर तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) विकास कर बुझाउने म्याद तथा सम्बन्धित अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. <u>विकास कर नबुझाएमा मालपोत बाँकी सरह असुल गरिनेः</u> (१) कसैले दफा १८ बमोजिमको म्यादभित्र विकास कर नबुझाएमा प्रचलित कानुन बमोजिम मालपोत बाँकी राखे सरह कारवाही चलाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विकास कर बाँकी राखेकोमा कारवाही चलाउँदा सम्बन्धित जग्गा लिलाम गर्नुपर्ने भएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विकास कर लागेको जग्गालाई लिलाम बढाबढ गर्नु अघि प्रदेश सरकारको स्वीकृति लिई मात्र लिलाम गर्नु पर्नेछ ।

परिच्छेद ५

## विविध

२०. क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यस उपरको उजूरीः (१) दफा ११ वा दफा १२ को उपदफा (४) बमोजिम दिइने क्षतिपूर्तिको रकम मन्त्रालयले स्थानीय तह संगको समन्वयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको पैंतीस दिनभित्र प्रदेश सरकारसमक्ष उजूर गर्न सक्नेछ ।

२१. उजुर परेको कारणले जग्गा प्रयोग गर्न बाधा नपर्नेः (१) दफा २० को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम कुनै कामको लागि जग्गा प्रयोग गर्नमा बाधा पर्ने छैन ।

२२. सरकारी कार्यालयले सडक खन्नु परेमा स्वीकृती लिनु पर्नेः संघीय वा प्रदेश सरकारको कुनै कार्यालयले कुनै कामको लागि सार्वजनिक मार्ग तथा सडक वा सडक सीमा खन्नु पर्दा मन्त्रालयको पूर्व स्वीकृति लिई खन्नु पर्छ र त्यसरी सडक वा सडक सीमा खन्ने सम्बन्धमा मन्त्रालयले कुनै तरीका वा शर्त तोकेको भए सो समेत पालन गर्नु पर्नेछ ।

२३. दण्ड सजायः (१) दफा ७ बमोजिम जग्गा प्रयोग गर्दा वा यस ऐन बमोजिमको कुनै सुचना टाँस गर्दा बाधा

विरोध वा हुलहुज्जत गरेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ९ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा वा दफा १० विपरीत बढी वजनको सवारी चलाएमा वा दफा ११ बमोजिम माटो, ढुङ्गा, बालुवा लिंदा बाधा विरोध गरेमा वा दफा १२ को वर्खिलाप कुनै काम गरेमा तीन महिना सम्म कैद र पाँच हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा १३ को उपदफा (१) को वर्खिलाप कुनै काम गरेमा वा सोही दफाको उपदफा (३) बमोजिम मन्त्रालयले कुनै काम कारवाही गर्दा बाधा विरोध गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२४. मुद्दाको अनुसन्धान तहकिकात र दायरी: (१) यस ऐन बमोजिम कसुर हुने कार्य प्रचलित अन्य कानून बमोजिम समेत कसुर हुने भएमा त्यस्तो कसुरको अनुसन्धान तहकिकात सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) को अवस्था बाहेक यस ऐन बमोजिम अन्य कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात मन्त्रालयले तोकेको कम्तीमा अधिकृत स्तरको कर्मचारीले गर्नेछ र त्यस्तो अनुसन्धान तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

२५. मुद्दाको कारवाही र किनारा गर्ने अधिकार तथा त्यस उपरको पुनरावेदनः (१) दफा ७, दफा ९, दफा १०, दफा ११ र दफा १३ को बर्खिलाप काम गरेको कसुरको सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दाको कारवाही र किनारा हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशबाट मर्का पर्ने व्यक्तिले पैंतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२६. अधिकार प्रत्यायोजनः यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार मन्त्रालयको कुनै अधिकारीलाई वा अन्तर्गतका निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

२८. कार्यालय र वोर्ड स्थापना गर्ने अधिकारः (१) यो ऐनको उद्येश्य पुरा गर्न प्रदेश सरकारले मन्त्रालय मातहत रहने गरी प्रादेशिक सडक बोर्ड गठन गर्न सक्ने छ ।

(२) प्रादेशिक सडक बोर्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. बचाउ र परिणामः(१) यो ऐन वा यस ऐन अन्तर्गतको नियममा लेखिएको कुरामा सो ही बमोजिम र अन्यमा प्रचलित प्रदेश क़ानून बमोजिम हुनेछ ।

(२) यो ऐन यस प्रदेशमा लागू हुँदाको बखत सार्वजनिक सडक ऐन, २०३१ अन्तर्गत प्राप्त गरेको कुनै जग्गाको क्षतिपूर्ति दिन बाँकी नै रहेको भए सोही ऐन बमोजिम क्षतिपूर्ति दिइनेछ ।

नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम यो प्रादेशीक सडक निर्माण, संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभावाट मिति २०७६।०५।२४ गतेमा पारित भएको प्रमाणीत गर्दछु ।

७६।६।३०

सरोज कुमार यादव
सभामुख

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिति २०७६/७/६

([illegible]लाल [illegible])
प्रदेश प्रमुख